# प्रेस विज्ञप्ति

निजी आवास पुर्ननिर्माणका लागि अनुदान सम्झौता ।
(२०७३ भदौ २७)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १२ जिल्लाहरुमा निजी आवास पुर्ननिर्माणका लागि यही २०७३ भदौ २७ गते सम्म ४,३५,८६५ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने करिब १,७१,१९१ वटा गुनासाहरु दर्ता गरिएको अभिलेख प्राप्त भएको छ ।भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुर्ननिर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदान हस्तान्तरण गर्ने राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट "क","ख"र "ग" वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग २०७३ साल जेठ १७ मा सम्झौता भई सोही अनुसार स्थानीय निकाय र बैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरुको क्लस्टरिंग गरी तिनिहरु मार्फत आ- आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्ने गरी प्रबंध मिलाईएको छ | साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्न भैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने र सम्बन्धित जिविसले प्राप्त तेरिज अनुसार यथासिघ्र बैंक खातामा अनुदान रकम हस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका, तथा गाविसहरुलाई निर्देशन दिईसकेको छ | यसबाट आगामि दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा समेत गरिएको छ |

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | गोरखा | ५८५०३ | ४९७५८ | ४८६५८ | १५६३५ |
| २ | सिन्धुपाल्चोक | ७८५३७ | ७२७६३ | ६९१३५ | १३३५७ |
| ३ | रामेछाप | ४३६०९ | ४०७७८ | ३८२७४ | १३३०५ |
| ४ | धादिङ्ग | ७०५८१ | ५४४५८ | ३५७४० | २४९७३ |
| ५ | नुवाकोट | ६५७५९ | ५४११४ | ३०८७२ | ९६२३ |
| ६ | दोलखा | ५१७६२ | ४३४९७ | ३६८५८ | १९३८८ |
| ७ | ओखलढुङ्गा | १९८१८ | १७९१५ | १७००३ | ५९५१ |
| ८ | काभ्रेपलाञ्चोक | ६७६६५ | ५५४८५ | ४४४३३ | २१४३६ |
| ९ | सिन्धुली | ३४२५६ | २३३२४ | १७५०० | १८७०२ |
| १० | रसुवा | ११२३६ | ८५२२ | ५०८७ | १३१० |
| ११ | मकवानपुर | ३०२३८ | १५२४७ | ७८०३ | २६९०९ |
| १२ | ललितपुर | १२१८ | ४ | | ६०२ |
| | जम्मा | ५३३१८२ | ४३५८६५ | ३५१३६३ | १७११९१ |

(सीता परियार)
सहायक प्रवक्ता एवं सुचना अधिकारी
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ भदौ २७